

**के तपाईको घर पानीले रसाएको छ ?**
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्नै छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ माघ २७ गते शुक्रबार ❑ 10 Feb. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## राष्ट्रपति साझा व्यक्तित्व हुनुपर्छ : प्रधानमन्त्री

**रासस**
काठमाडौं, २५ माघ

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ' प्रचण्ड' ले संविधानको रक्षक एवं लोकतन्त्रको पहरेदार भएकाले राष्ट्रपतिमा साझा व्यक्तित्व हुनुपर्छ भन्नेमा आफू र आफ्नो पार्टी स्पष्ट रहेको बताउनुभएको छ ।

माओवादी केन्द्रको केन्द्रीय समितिको बैठकलाई श्रव्यदृश्यका माध्यमबाट सम्बोधन गर्नुहुँदै प्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष दाहालले विगतको अभ्यासका आधारमा हेर्दा पनि मुलुकको प्रमुख व्यक्तित्व सबैको साझा हुनुपर्छ भन्नेमा आफूहरू प्रष्ट रहेको बताउनुभयो ।

उहाँले विगतमा भएका त्रुटिहरूप्रति सचेत रहँदै राष्ट्रपति साझा व्यक्तित्व हुनुपर्छ भन्नेमा आफूहरू स्पष्ट रहेको बताउनुभएको माओवादी केन्द्रका केन्द्रीय सदस्यसमेत रहनुभएका प्रधानमन्त्री दाहालका प्रेस विज्ञ मनोहरि तिमिल्सिनाले जानकारी दिनुभयो । बैठकमा पार्टीका महासचिव देवप्रसाद गुरुङले हालै सम्पन्न स्थायी समितिको बैठकले गरेका निर्णयका बारेमा आफ्नो धारणा राख्नुभएको थियो । बैठकमा पार्टी अध्यक्ष दाहालले समसामयिक राजनीतिक विषयका साथै पार्टीका स्थायी समितिले गरेको निर्णयका बारेमा प्रष्ट पार्नुभएको थियो ।

उहाँले पार्टीले आगामी दुई महिनासम्म सञ्चालन गर्ने अभियानका बारेमा उल्लेख गर्नुभएको थियो । दुई महिने सङ्गठनात्मक अभियानमा पार्टीका केन्द्रीय सदस्यहरू हरेक टोल र वडासम्म पुगेर जनतासँग अन्तरक्रिया गर्ने र पार्टी सङ्गठन विस्तार गर्ने छन् । अभियानलाई माओवादीले जनतासँग पार्टी जोड्ने र सरकारको काम कारबाहीका सम्बन्धमा सुझाव लिने अभियानको रूपमा अर्थ्याएको छ । जनतासँगको छलफलका आधारमा आगामी दुई महिनापछि पार्टीको केन्द्रीय समितिको बैठकमा आगामी कार्यभारका बारेमा व्यापक छलफल गर्ने निर्णय बैठकले गरेको छ ।



भैरव नृत्यः
पोखराको मुख्य बजार विरौटाचोकमा भैरव नृत्य प्रस्तुत गर्दै कलाकार । पुस १५ गतेदेखि शुरु भएको नाच चैत महिनाको मसान्तसम्म मागनुसार विभिन्न चोकहरु प्रदर्शन गर्दै आएको भैरवनाच संरक्षण समिति पोखराले जनाएको छ । तस्बिर : हरिप्रसाद बास्तोला/ रासस

## वर्तमान सत्ता साझेदारीलाई अझ बलियो बनाउने एमाले निर्णय

**रासस**
काठमाडौं, २५ माघ

नेकपा (एमाले) ले वर्तमान सत्ता साझेदारीलाई अझ बलियो बनाएर अगाडि बढ्ने निर्णय गरेको छ ।

बिहीबार ललितपुरको च्यासलस्थित पार्टी मुख्यालयमा भएको एमाले १५औँ सचिवालय बैठकले मुलुकमा राजनीतिक स्थायित्व र आर्थिक सुधारका लागि वर्तमान सत्ता साझेदारीलाई अझ बलियो बनाएर अगाडि बढ्ने निर्णय गरेको एमाले प्रचार विभाग सचिव गगन विष्टले जानकारी दिनुभयो ।

बैठकले गत पुस १० गते पार्टीको पहलकदमी र अग्रसरतामा वर्तमान सरकार गठन भएकोमा जनतामा व्यापक उत्साह सिर्जना भएको निष्कर्ष निकाल्दै वर्तमान सरकार गठनपछि मुलुकको आर्थिकलगायत सबै क्षेत्रमा सकारात्मक प्रभाव देखिएको जनाएको छ । बैठकले पार्टीको वैचारिक तथा साङ्गठनिक सुदृढीकरणका लागि आगामी फागुन १ गतेदेखि दुई महिने 'मिसन ग्रासरुट' अभियान सञ्चालन गर्ने निर्णय गरेको छ । केन्द्रीय कमिटीका सदस्यले दुई महिना स्थानीय तहमा रहेर पार्टीले निर्धारण गरेका ११ कार्ययोजनाअनुसार कार्यसम्पादन गर्नुपर्ने र अभियान सञ्चालन फागुन ५ गते सातै प्रदेशमा अभिमुखीकरण कार्यक्रम आयोजना गर्ने निर्णय गरेको उहाँले जानकारी दिनुभयो ।

बैठकले रिक्त रहेका ठाउँमा कार्यविभाजन गरी जिम्मेवारी तोकेको छ । पार्टीको अर्थ तथा योजना विभाग प्रमुखमा स्थायी कमिटी सदस्य डा विन्दा पाण्डेलाई जिम्मेवारी दिइएको छ । यसअघि उक्त विभागको प्रमुख घनश्याम भुसाल हुनुहुन्थ्यो । उहाँले एमालेबाट राजीनामा दिएपछि उक्त पद खाली रहेको थियो । प्रदेश-१ को इन्चार्जमा स्थायी कमिटी सदस्य राजेन्द्र गौतम, अपाङ्गता फाँटको इन्चार्जमा पोलिटब्यूरो सदस्य पार्वत गुरूङ र धनुषा जिल्ला इन्चार्जमा केन्द्रीय सदस्य शीला यादवलाई बैठकले तोकेको छ । बैठकलाई सम्बोधन गर्दै पार्टी अध्यक्ष केपी शर्मा ओलीले वर्तमान राजनीतिक परिस्थिति र पार्टीको आगामी कार्ययोजनाका बारेमा धारणा राख्नुभएको थियो । नेकपा (एमाले) ले भूकम्प प्रभावित देश टर्कीए र सिरियामा खोज उद्धार र राहत वितरण गर्न अन्तर्राष्ट्रिय समुदायलाई आग्रह गरेको छ । एमालेका अध्यक्ष केपी शर्मा ओलीले विज्ञप्ति निकाल्दै भूकम्प प्रभावित ती देशका नागरिकलाई तत्काल विपद् प्रतिकार्य, खोज उद्धार, प्राथमिक उपचार र राहत वितरणमा जुट्न तथा आवश्यकताअनुसार राहत र पुनःस्थापनामा सहयोग गर्न सम्बद्ध सबै राष्ट्रिय र अन्तर्राष्ट्रिय समुदायलाई आग्रह गर्नुभएको हो । उहाँले प्राकृतिक विपद्बाट हुन गएको धनजनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्नुभयो ।

यही माघ २३ गते टर्कीए र सिरियाको सीमा क्षेत्रमा गएको ७।८ म्याग्निच्युडको भूकम्प र यही माघ २५ गतेसम्म गएका तीन सय १२ बढी पराकम्पनबाट दुई देशमा १५ हजारभन्दा बढीको ज्यान गएको र ठूलो संख्यामा भौतिक पूर्वाधार र जीविकोपार्जन प्रभावित भई हजारौँ परिवार घरवारविहीन भएको अवस्थाप्रति एमालेको गम्भीर ध्यानाकर्षण भएको अध्यक्ष ओलीले निकाल्नु भएको विज्ञप्तिमा जनाइएको छ । सरकारले विनाशकारी भूकम्पबाट प्रभावित देश टर्कीएमा मेडिकल रेस्पोन्स टिमसहित न्यानो लत्ताकपडा र अत्यावश्यक राहत सामग्री पठाउने स्वागतयोग्य निर्णय गरेको उल्लेख गर्दै अध्यक्ष ओलीले राहत तथा उद्धारमा समयानुकूल शीघ्र प्रतिकार्यको निकै महत्व हुने भएकाले उक्त निर्णय यथाशीघ्र कार्यान्वयनका लागि आग्रह गर्नुभएको हो ।

## गण्डकीमा स्वास्थ्य बीमा गर्ने आठ लाख

**रासस**
पोखरा, २६ माघ

गण्डकी प्रदेशमा आठ लाखभन्दा बढीले स्वास्थ्य बीमा गरेका छन् । स्वास्थ्य बीमा बोर्ड प्रदेश कार्यालयका अनुसार हालसम्म आठ लाख छ हजार नौ सय ४१ जना स्वास्थ्य बीमामा आबद्ध भएका हुन् । बिमित परिवारको सङ्ख्या दुई लाख ७५ हजार ७६ पुगेको बोर्डका प्रदेश संयोजक महेश ठाकुरले जानकारी दिनुभयो ।

सरकारको सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत विसं २०७३ असारमा गण्डकीमै पहिलोपटक बागलुङबाट स्वास्थ्य बीमा सुरु भएको थियो । अहिले प्रदेशका ११ वटै जिल्लामा स्वास्थ्य बीमा कार्यक्रम लागू भएको छ । पछिल्लो पटक विसं २०७७ चैतदेखि हिमालपारिको जिल्ला मुस्ताङ र मनाङमा कार्यक्रम विस्तार गरिएको थियो । बोर्डको आकँडाअनुसार सबैभन्दा बढी कास्की जिल्लामा स्वास्थ्य बीमाको पहुँच पुगेको देखिएको छ । कास्कीका हालसम्म दुई लाख २२ हजार पाँच सय २४ जना स्वास्थ्य बीमामा जोडिएका छन् । यो प्रदेशको कूल जनसङ्ख्याको ४५ प्रतिशत हो । सबैभन्दा कम मनाङमा चार सय ५९ जनाले स्वास्थ्य बीमा गरेका छन् ।

स्याङ्जामा एक लाख १७ हजार नौ सय १४, तनहुँमा एक लाख सात हजार आठ सय ९३, बागलुङमा ९० हजार ४२, गोरखामा ८५ हजार छ सय ६५, नवलपुरमा ८६ हजार एक सय ६५, गोरखामा ८५ हजार छ सय ६५, लमजुङमा ३१ हजार आठ, म्याग्दीमा २८ हजार सात सय ४५, पर्वतमा २८ हजार चार सय ४९ र मुस्ताङमा नौ सय २१ जना स्वास्थ्य बीमामा आवद्ध छन् ।

स्तरीय अस्पतालबाट सेवा लिन पाइने भएकाले कास्कीमा बीमा गर्नेको सङ्ख्या बढ्दो पाइएको हो । मनाङ र मुस्ताङमा ढिलो गरी कार्यक्रम लागू भएकाले बीमा गर्नेको सङ्ख्या न्यून देखिएको हो । ती जिल्लामा जनसङ्ख्या पनि कम छ । बोर्डले चालु आवमा गण्डकीको ५० प्रतिशत जनसङ्ख्यामा बीमाको पहुँच पुर्याउने लक्ष्य लिएको छ ।

हालसम्म कास्कीमा ४५, स्याङ्जामा ४१, बागलुङमा ३४, तनहुँमा ३३, गोरखामा ३२, नवलपुरमा २८, म्याग्दीमा २५, लमजुङमा १८, पर्वतमा १८, मनाङ र मुस्ताङमा समान सात प्रतिशत जनसङ्ख्या स्वास्थ्य बीमा जोडिएको बोर्डले जनाएको छ ।


बाँकी अन्तिम पृष्ठमा ▶▶


## कौसी खेतीबाट व्यवसायलाई टेवा

**पोखरापत्र संवाददाता**
पोखरा, २६ माघ

दृढ इच्छाशक्तिसँगै लगनशीलता हुने हो भने तरकारी खेतीका लागि जग्गा नै चाहिन्छ भन्ने छैन । घरको छातमा पनि राम्रो उत्पादन गर्न सकिन्छ भन्ने उदाहरण बन्नुभएको छ यहाँकी होटल व्यवसायी डिलमाया कार्की ।

पोखरा महानगरपालिका-१७ आँखा अस्पताल चोकमा होटल व्यवसाय गर्दै आउनुभएकी कार्कीले कौसीमा तरकारी खेती गरेर थप आम्दानी गर्नुभएको छ । उहाँ यस क्षेत्रका महिलाका लागि उदाहरणीय बन्नु भएको छ ।कार्कीको कौसीमा यतिखेर लटरम्म गोलभेडा, ब्रोकाउली, धनियाँ, लसुनको साग, रायोसागलगायत तरकारीफलेका छन् । साथै उहाँ काँक्रो, घिरौंला, करेला, चिचिन्ना, लौका जस्ता लहरे बालिका बिरुवा रोप्ने तयारीमा हुनुहुन्छ । "होटलमा आउने पाहुनाका लागि कौसीमा फलेका तरकारी पकाउने गरेको छु", उहाँले भन्नुभयो ।




होटलबाट निस्केको फोहरलाई कम्पोष्ट मल बनाएर कौसीको तरकारी खेतीमा प्रयोग गर्ने गरेको उहाँको भनाइ थियो ।

ग्राहक नभएको बेला तरकारीको हेरचाह गर्न कौसी जानुहुन्छ उहाँ । कार्कीका अनुसार उत्पादन भएको अर्गानिक तरकारीले परिवारलाई मात्र नभएर व्यवसायलाई समेत पुगेको छ । घरको माथिल्लो तल्लाको छतमा तरकारीका क्यारेट, गमला, रङ्गका बट्टामा विभिन्न जातका तरकारीका बोट छन् । कार्की भन्नुभयो, "भान्छामा तरकारीको आवश्यकता पर्ने बित्तिकै झोला र पैसा लिएर पसलमा होइन चक्कु लिएर घरको भऱ्याङ चढ्छु ।" तरकारीसँगै उहाँको छतमा खोर पनि छ ।

खोरमा उन्नतजातका गिरिराज कुखुरा पाल्दै आउनुभएको छ । अहिले खोरमा दुईवटा भाले र आठ वटा पोथी छन् । "आवश्यकता अनुसार घरमै उत्पादन भएको कुखुराको मासुले पाहुनालाई स्वागत गर्न पाउँदा रमाइलो लाग्छ, यसबाट आम्दानीसमेत भएको छ", उहाँले बताउनुभयो । कार्कीले तरकारीबाट निस्केको घाँस तथा होटलमा बचेको खानालाई दानाका रुपमा कुखुरालाई खुवाउने र सुली तरकारीमा प्रयोग गर्नुहुन्छ । उहाँले भन्नुभयो,"भविष्यमा कुखुरासँगै तरकारी खेतीलाई पनि विस्तार गर्ने सोच छ ।"छतमा लहलह तरकारी फस्टाएको देख्दा आनन्द लाग्ने उहाँको भनाइ छ । उच्च हिमाली क्षेत्रमा पाइने पहाडी क्षेत्रका बासिन्दाले बढी प्रयोग गर्ने जिम्बूको बिरुवासमेत उहाँको कौसीमा देख्न पाइन्छ । "एकवर्ष भयो जिम्बू किनेको छैन, आफ्नै उत्पादनले पुगेको छ । बाहिरबाट ल्याएको भन्दा घरमै उत्पादन गरेको जिम्बू ग्राहकको रोजाइमा पर्ने गरेको छ", उहाँले भन्नुभयो ।

होटलमा खेर जाने खाद्यान्न तथा तरकारीका पात कुखुराको दानामा प्रयोग हुन्छ, सुली तरकारीकै लागि मल हुनेहुँदा चक्रिय प्रणालीमार्फत आयआर्जनसँगै फोहर व्यवस्थापनमा समेत सहयोग पुगेको पोखरा-१७ का वडाअध्यक्ष राधिका शाही योगीले बताउनुभयो । उहाँले कौसीखेती प्रवर्द्धनका लागि वडाले समूहगतरुपमा तालिम सञ्चालन गर्नाका साथै कृषि महाशाखाको सहयोगमा फोहरलाई मोहरमा परिणत गर्ने आधुनिक तथा प्रविधियुक्त सामग्री अनुदानमा वितरण गरिरहेको जानकारी दिनुभयो ।

# बिटी कपमा प्रिक्वाटर जारी

पोखरापत्र संवाददाता
पोखरा, २६ माघ

पोखरामा जारी बुद्धटोल युवा क्लबद्वारा आयोजित १६ औं बिटी कप छैटौं विरेन स्मृति सेभेन ए साइड खुल्ला फुटबल प्रतियोगितामा प्रिक्वाटरफाइलका ७ खेल भएका छन् ।

खेल संयोजक विनोद गुरुङका अनुसार पोखरा महानगरपालिका १ पुरानो टुडिखेल मैदानमा आज (बिहीबार) भएको पहिलो खेलमा एलजी एसोसियशनले एनएम एफसीलाई १-० गोल अन्तरले पराजित गर्यो । एलजीको जितमा आशिष गुरुङले निर्णायक गोल गरे ।



यस्तै लालीगुँरास धम्पुष र कमलपोखरीबीच भएको दोस्रो खेलको निर्धारित समय गोलरहित भएपछि ट्राइबेकरमा कमलपोखरीले ४-३ गोलअन्तरले जित निकाल्दै क्वाटरफाइनलमा प्रवेश गर्यो । तेस्रो खेलमा सत्य युवा क्लब बाफापाटनले लयर्स गयाङलाई ६-० को फराकिलो गोल अन्तरले पराजित गर्यो ।

बाफापाटनको जितमा समिप रानाले ह्याट्रिक गरे भने समिर गुरुङले २ र दिपेश गुरुङले १ गोलको योगदान दिए । चौथो खेलमा गार्डेन एफसीमाथी मारानथा चर्च कस्केरी एफसीले २-० गोल अन्तरले जित निकाल्यो ।

कस्केरीको जितमा नविन तामाङ र सौरभ छन्त्यालले समान १/१ गोल गरे । यस्तै पाँचौ खेलमा आयोजक बिटी ब्ल्याकलाई हरिचोक युनाइटेडले १-० गोल अन्तरले हराउँदै क्वाटरफाइनलमा स्थान बनायो । हरिचोक युनाइटेडको जितमा अमन साईले निर्णायक गोल गरे । छैटौ खेलमा नयाँगाउँ ब्रदर्श युनाइटेडलाई एफ फाइभ मालेपाटनले १-० गोलले हरायो । एफ फाइभको जितमा रविन्द्र गुरुङले गोल गरे ।

बिहीबार भएको अन्तिम खेलमा जि नाइन युनाइटेडलाई वी आर ब्रदर्श काठमाडौंले २-० गोल अन्तरले पराजित गर्यो । ब्रदर्शको जितमा सञ्जिव मगरले २ गोलको योगदान दिएका थिए । खेल संयोजक गुरुङका अनुसार शुक्रबार प्रिक्वाटरफाइनलको समिकरण पुरा हुनेछन् । पोखरा महानगरपालिका १ स्थित पुरानोटुडिखेल बगरमा जारी सेभेन ए साइड फुटबल प्रतियोगिताको फाइनल आगामी फागुन १ गते हुने आयोजकले जनाएको छ ।

# मानवसेवा आश्रम भवनका लागि युनाइटेड क्लव पोखराद्धारा सहयोग

पोखरापत्र संवाददाता
पोखरा, २६ माघ

मानव सेवा आश्रमको भवन निर्माणका लागि युनाइटेड क्लबले १ लाख ११ हजार १ सय ११ रुपैया प्रदान गरेको छ ।

कास्कीको हेम्जामा निर्माणाधिन मानवसेवा आश्रम स्थलमा आयोजित श्रीमद भागवत ज्ञानविज्ञान महायज्ञ स्थलमा पुगी भवन निर्माणको सहयोग स्वरुप सामाजिक क्षेत्रमा अग्रणी स्थानमा रहेको युनाइटेड क्लबले उक्त रकम हस्तान्तरण गरेको हो । भवन निर्माण स्थलमा जारी महायज्ञमा क्लबका अध्यक्ष राजु श्रेष्ठको नेतृत्वमा पुगेको क्लबका पदाधिकारी र सदस्यहरुको टोलीले महायज्ञका प्रमुख बाचक भागवत भास्कर कमलनयन गौतमलाई नगद १ लाख ११ हजार १ सय ११ रुपैयाको चेक हस्तान्तरण गरेका हुन । उक्त अवसरमा युनाइटेड क्लबका संस्थापक अध्यक्ष हिमालय बखेल, वरिष्ठ उपाध्यक्ष लोक बहादुर थापा, प्रथम उपाध्यक्ष गणेश तिमिल्सिना, महासचिव दिनेश सुनार, कोषाध्यक्ष सूर्य बहादुर बानिया, सदस्यहरु जयराम आचार्य, चन्द्रा



पराजुली, शिव थापा, कार्यालय सचिव रेजिना खत्री लगाएतको सहभागिता रहेको थियो ।

स्थापना कालदेखी पोखराको अमरसिंह चौरमा पोखरा महोत्सवको आयोजना गरी युनाइटेड क्लब पोखराले शिक्षा, स्वास्थ्य, खेलकुद, पर्यटन प्रवर्द्धनको लागि पोखरामा खुल्ला चिडियाखाना निर्माणमा पहलकदमी, सेती नदी संरक्षण र विपद ब्यवस्थापनमा काम गर्दै आइरहेको क्लवले सामाजिक उत्तरदायित्व अन्तर्गत मानव सेवा आश्रममा सहयोग गरेको युनाइटेड क्लबका अध्यक्ष राजु श्रेष्ठले जानकारी दिए ।

युनाइटेड क्लवले सामाजिक काम संगै सामाजिक उत्तरदायित्व बहन गर्ने कामहरु गर्दै आइरहेको र जस अनुरुप कास्कीको हेम्जामा निर्माणाधिन मानव सेवा आश्रमको भवन निर्माणका लागी अन्य संघ संस्थाहरुले जसरीनै आफुहरुले सहयोग गरेको र सवैको साथ र सहयोगलेनै मानव सेवा आश्रमको भवन पूर्ण हुने वताउदै अन्य ब्याक्ति र संघ संस्थाहरुले समेत यस्तो पुण्य काममा सहयोग गर्न समेत आग्रह गरे । मानव सेवा आश्रममा यसअअघिपनि कास्कीको छोरेपाटन शाखामा खाद्यान्न सामाग्री वितरण गरिसकेको क्लबका महासचिव दिनेश सुनारले जानकारी दिए । आगामी दिनमा पनि यस्ता सामाजिक उत्तरदायित्व बहन गर्ने कामलाई निरन्तरता दिइने समेत सुनारले वताए ।

# गण्डकीमा...

सत्तरी वर्ष नाघेका ज्येष्ठ नागरिक, गम्भीर प्रकृतिका दीर्घ रोगी, अतिअशक्त र गरिब परिचयपत्र पाएका परिवारको निःशुल्क स्वास्थ्य बीमा गर्ने गरिएको बोर्डका प्रदेश संयोजक ठाकुरले बताउनुभयो । गरिब पहिचान भएर परिचत्रपत्र पाएका बागलुङ, गोरखा र तनहुँका परिवारले मात्र निःशुल्क बीमाको सुविधा पाएका छन् । सरकारले प्रदेशका अन्य जिल्लामा गरिब परिवार पहिचान गरेको छैन । "कैदीबन्दी, अनाथलय र आश्रममा रहने व्यक्तिलाई पनि स्वास्थ्य बीमामा जोड्न पहल भइरहेको छ", उहाँले भन्नुभयो, "सबै नागरिकलाई बीमाको पहुँचमा ल्याउने बोर्डको लक्ष्य छ ।"

बोर्डले बिमितलाई स्वास्थ्य सेवा उपलब्ध गराउन प्रदेशभित्र ५३ वटा अस्पताल तोकेको छ । पाँच जनासम्मको परिवारले वार्षिक रु तीन हजार ५०० को बीमा गरेबापत रु एक लाखसम्मको उपचार सेवा पाउँछन् । पाँच जनाभन्दा बढीको परिवार भएमा प्रतिसदस्य रु सात सय थप्नुपर्ने प्रावधान छ ।

ठूलो परिवारले रु दुई लाखसम्मको उपचार सेवा पाउने बोर्डको भनाइ छ । बोर्डले तोकेको ११ सय ३३ प्रकारका औषधि, शल्यक्रियासहित जटिल रोगको उपचार पनि बीमाबाट हुने संयोजक ठाकुरले उल्लेख गर्नुभयो । स्वास्थ्य बीमा कार्यक्रम लागू भएपछि अस्पतालमा बिरामीको पनि चाप बढ्दो छ । बागलुङस्थित धवलागिरि अस्पतालका स्वास्थ्य बीमाका स्रोत व्यक्ति भरत सापकोटाले अस्पतालमा आउने दैनिक बिरामीमध्ये ६० देखि ७० प्रतिशतले बीमाको सुविधा लिने गरेको बताउनुभयो । "हर्निया, पित्तथैली, एपेन्डिस आदिको शल्यक्रियादेखि बहिरङ्गका अधिकांश सेवा बीमा गरेका व्यक्तिले पाउँछन्", उहाँले भन्नुभयो, "स्वास्थ्य बीमा सुरु भएपछि अस्पतालमा बिरामीको चाप पनि बढ्दो छ ।"

गत साउनदेखि पुस मसान्तसम्ममा बीमामा जोडिएका २१ हजार छ सय जनाले धवलागिरि अस्पतालबाट सेवा लिएको जनाइएको छ । जनआन्दोलनका घाइते, बेपत्ताभएका व्यक्ति, द्वन्द्वप्रभावित, 'ख' वर्गको अपाङ्गता भएका व्यक्ति र नियमित डायलासिस गर्नुपर्ने बिरामीका परिवारको पनि निःशुल्क स्वास्थ्य बीमा गर्न सुरु गरिएको छ । प्रदेशको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको वार्षिक कार्यक्रमअन्तर्गत लक्षित समूहमा निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम लागू भएको हो । अपाङ्गता परिचयपत्र, डायलासिस गर्नुपर्ने बिरामीको अस्पताल रिपोर्ट, द्वन्द्वप्रभावित, जनआन्दोलनका घाइतेको परिचयपत्र, परिचयपत्र नभए जिल्ला प्रशासन कार्यालयको सिफारिसका आधारमा बीमा दर्ता हुने गरिएको छ । वडा तहमा खटिएका दर्ता सहयोगीमार्फत बीमा दर्ता हुने गरेको बागलुङ बीमा बोर्डका संयोजक दिनेश जिसीले बताउनुभयो ।

स्वास्थ्य बीमाको महत्वबारे बुझाएर परिवार र तिनका सदस्यलाई बीमामा जोड्ने गरिएको छ । पहिलो वर्ष बीमा गरेका कतिपय बिमितहरुले अर्को वर्ष नवीकरण नगर्ने गरेको पनि पाइएको जिल्ला संयोजक जिसीको अनुभव छ । सरकारले गरिब परिचयपत्र सबै जिल्लामा उपलब्ध गराउन सके गरिब तथा विपन्न परिवारले लाभ उठाउने देखिन्छ । स्वास्थ्य बीमाको प्रभावकारिता बढाउन जनस्तरमा सचेतनाको पनि खाँचो छ । स्वास्थ्य सेवामा नागरिकको सहज पहुँचका लागि सुरुमा बागलुङ, इलाम र कैलालीमा स्वास्थ्य बीमा कार्यक्रम लागू भएको थियो । अहिले ७७ वटै जिल्लामा उक्त कार्यक्रम पुगेको छ ।

# सुदूरपश्चिमको मुख्यमन्त्रीमा शाह नियुक्त

रासस
काठमाडौं, २६ माघ

सुदूरपश्चिम प्रदेशका प्रमुख देवराज जोशीले नेपालको संविधानको धारा १६८ को उपधारा (३) अनुसार बिहीबारप्रदेशसभामा नेपाली कांग्रेस संसदीय दलका नेता कमलबहादुर शाहलाई प्रदेशको मुख्यमन्त्रीमा नियुक्त गर्नुभएको छ ।

कैलाली निर्वाचन क्षेत्र नं २ को प्रदेशसभामा प्रत्यक्ष निर्वाचित शाहलाई साँझ प्रदेश प्रमुखले मुख्यमन्त्रीमा नियुक्त गर्नुभएको हो । यसैगरी सुदूरपश्चिम प्रदेशसभा बैठकमा बिहीबार विश्वासको मत अस्वीकृत भएपछि मुख्यमन्त्री राजेन्द्रसिंह रावलले प्रदेश प्रमुख देवराज जोशीसमक्ष राजीनामा दिनुभएको छ । प्रदेश प्रमुखलाई कार्यकक्षमा भेटेर मुख्यमन्त्री रावलले राजीनामा बुझाउनुभएको हो । प्रदेश प्रमुखले नयाँ मुख्यमन्त्रीमा प्रदेशसभामा ठूलो दल नेपाली कांग्रेस संसदीय दलका नेता कमलबहादुर शाहलाई नियुक्त गर्ने तयारी गरे पछि उहाँले राजिना दिनुभएको छ । रावल एमाले संसदीय दलका नेता हुनुहुन्छ ।

त्रिपन्न सदस्यीय प्रदेशसभामा नेपाली कांग्रेसका १९, नेकपा (माओवादी केन्द्र)का सभामुखबाहेक १०, नेकपा (एमाले) का १०, नागरिक उन्मुक्तिका सात, नेकपा (एकीकृत समाजवादी)का चार, राप्रपाका एक र एक स्वतन्त्र सदस्य छन् ।


## जाडोको समयमा चिसोबाट बचौं

◆ जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
◆ न्यानो कपडा लगाऔं,
◆ घर तथा कोठा न्यानो बनाऔं,
◆ कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
◆ बालबालिकालाई तेल मालिस गरिदिऔं,
◆ बढी चिसोमा मर्निङ वाक नगरौं,
◆ चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
◆ दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# बेतले बेकरी र युथ कम्युनिटी क्लव बीच सहकार्य

पोखरापत्र संवाददाता
पोखरा, २६ माघ

युवाहरु बीच साथ सहयोग र सहकार्य भन्ने मुल अभिप्रायका साथ सञ्चालित युथ कम्युनिटी क्लवका सदस्यहरु र युवा ब्यवशायी ईन प्रसाद घर्तीले सञ्चालनमा ल्याएको बेतले बेकरी बीच सहकार्य गर्ने भएको छ ।

युवा ब्यवशायी घर्तीले आफ्नो बेकरी हाउसबाट उत्पादन हुदै आएको केकको खरिदमा युथ कम्युनिटी क्लबका सदस्यहरुलाई २० प्रतिशत छुटमा केक उपलब्ध गराउने भएका हुन ।

युवाले युवाहरुलाई साथ, सहयोग र सहकार्य गर्ने उद्देश्य अनुरुप युथ कम्युनिटी क्लवमा आवद्ध सदस्यहरुसंग सहकार्य गर्ने गरी आफ्नो बेकरी हाउसबाट उत्पादन हुने कुनैपनि केकमा २० प्रतिशत छुट दिने भएका हुन । एक कार्यक्रमका बीच युथ कम्युनिटी क्लवका केन्द्रीय अध्यक्ष पूर्ण कुमार श्रेष्ठ र बेतले बेकरी हाउसका सञ्चालक ईन प्रसाद घर्ती बीच सम्झौता पत्रमा हस्ताक्षर गरी क्लवमा आवद्ध सदस्यहरुलाई सहुलियत दरमा केक उपलब्ध गराउने प्रतिवद्धता जनाएका हुन ।

सञ्चालक घर्तीले पछिल्लो समय बर्थडे लगायत हरेक शुभकार्यहरुमा केकको प्रयोग हुने गरेको र सोही अनुरुप युथ कम्युनिटी क्लवबका सदस्यहरुलाई हरेक समारोहमा प्रयोग हुने केकमा विशेष सहुलियत प्रदान गर्ने उद्देश्यले सहकार्य गर्न आफु तयार रहेको वताए । सो अवसरमा वोल्दै युथ कम्युनिटी क्लवका केन्द्रीय अध्यक्ष पूर्ण कुमार श्रेष्ठले पछिल्लो समय केक र शुभ कार्य एक अर्काका पर्यायबाची जस्तै बनेको र युवाहरु बीच साथ सहयोग र सहकार्य गर्ने आफुहरुको उद्देश्य अनुरुप युवा ब्यवशायीहरुको ब्यवशायलाई टेवा पुग्ने गरी आफुहरुले बेतले बेकरी हाउस संग सहकार्य गरेको वताए ।

बेकरी हाउस संगको सहकार्यले क्लवमा आवद्ध सदस्यहरुलाई पनि सहुलियत हुने र बेकरी हाउसको प्रवर्द्धनमा समेत टेवा पुग्ने श्रेष्ठको भनाइ रहेको थियो ।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# सुदूरपश्चिमबाट एमाले गठबन्धन भत्कन शुरु

सुदूरपश्चिम प्रदेशमा नेपाली कांग्रेस संसदीय दलको नेता कमल शाह मुख्यमन्त्री नियुक्त भएका छन । कांग्रेस एक महिनामै सरकारको नेतृत्व गर्न पाएको छ। नेकपा एमालेबाट मुख्यमन्त्री बनेका राजेन्द्रसिंह रावलले विश्वासको मत पाउन नसकेपछि गठबन्धन सरकार ढलेको छ। बिहीबार मुख्यमन्त्री रावलले विश्वासको मत लिने अन्तिम दिन रहेकोमा प्रदेश सभा बैठकमा रावलले विश्वासको मत प्रस्ताव महुमतले अस्वीकृत भएको थियो। पुस २७ मा एमालेका १० माओवादी केन्द्रका ११, नागरिक उन्मुक्ति पार्टीका ७ र १ राप्रपा १ गरी २९ जना सांसदको समर्थनमा एमाले संसदीय दलका नेता रावल मुख्यमन्त्री बनेका थिए।

५३ सदस्यीय प्रदेश सभामा मुख्यमन्त्रीलाई बहुमत सिद्ध गर्न २७ मत आवश्यक पर्नेमा सरकार गठन भएको एक महिनामै सत्ता घटक नागरिक उन्मुक्ति पार्टीले साथ छाडेपछि सुदूरपश्चिमबाट सात दलीय गठबन्धनको सरकार ढलेको छ । कांग्रेस संसदीय दलका नेता कमलबहादुर शाहले नेकपा एसलाई समेटेर सुदूरपश्चिममा नयाँ सरकार गठन हुनेछ। संविधानको धारा १६८ (२) अनुसार रावल नेतृत्वको सरकारले विश्वासको मत पाउन नसकेपछि संविधानको धारा १६८ (३) अनुसार नयाँ सरकार गठनको बाटो खुलेको हो।

संविधानको धारा १६८ (३) मा 'प्रदेशसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र उपधारा (२) बमोजिम मुख्यमन्त्री नियुक्त हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा प्रदेश प्रमुखले प्रदेशसभामा सबैभन्दा बढी सदस्य भएको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्नेछन् भनिएको छ । संविधानको व्यवस्था अनुसार अब ३० दिनभित्र विश्वासको मत लिनुपर्छ ।अहिलेको गठबन्धन कायम रहेमा सुदूरपश्चिममा निर्णायक मानिएको नागरिक उन्मुक्ति पार्टीका सांसदहरूको समर्थन लिनुपर्नेछ।सरकार टिकाउन र ढाल्न खोज्ने खेल सुदूरपश्चिमबाट शुरु हुनेछ। नागरिक उन्मुक्तिले प्रदेश सरकारलाई विश्वासको मत दिन टीकापुर घटनाका राजबन्दीको रिहाइ र मुद्दा फिर्तालाई बटमलाइन बनाउदै आएको छ। १० वर्ष अगाडि दोषी ठहर भएका नागरिक उन्मुक्तिका सांसद अरुणकुमार चौधरी पक्राउ परेपछि उक्त पार्टी सरकारलाई विश्वासको मत नदिने निर्णयमा पुगेको छ।

सातजना प्रदेशसभा सदस्य मंगलबार, बुधबार रेशम चोधरीलाई भेट्न डिल्लीबजार कारागार पुगेका थिए। कारागारमा चौधरी र सातजना सांसदबीच घण्टौँसम्म छलफल चल्यो । छलफलमा रेशमले आफ्ना सांसदलाई काठमाडौंमै होल्ड गर्न सफल भए । रेशमले आफू रिहा नहुँदासम्म सरकारमा नजान र विश्वासको मत पनि नदिएर आफैंले समर्थन गरेको सरकारलाई ढालेर अस्थिरता निम्त्याएका छन। नयाँ उदाएका दलले परिपक्वता देखाउन सक्दैनन् भन्ने राष्ट्रिय स्वतन्त्र पार्टी र नागरिक उन्मुक्ति पार्टीको व्यबहारले देखाएको छापुराना दलको विकल्पमा उदाएका दलका नेतामा राजनीतिक परिपक्वता नहुदा राजनीतिक अस्थिरताले जनविश्वास गुमाउनेछ।

# नेपालमा मानवसंसाधन योजना तथा यसका समस्याहरु

इन्द्रकमल मानन्धर



संगठनको साझा लक्ष्य हासिल गर्नका लागि कार्यरत सम्पूर्ण जनशक्तिलाई मानवसंसाधन भनिन्छ । मानवसंसाधनलाई संगठनको अमूल्य सम्पत्ति पनि भनिन्छ। किनभने मानवसंसाधनको सहयोगबाट संगठनमा अन्य भौतिक साधनहरु जस्ते पूँजी,कच्चा पदार्थ, मेसिन तथा विधिहरुको प्रभावकारी परिचालन गर्न सकिन्छ । मानवसंसाधनको प्रभावकारी परिचालनबाट संगठनमा हानीनोक्सानी हटाउन,उत्पादकत्व बढाउन र बस्तु तथा सेवाको गुणस्तर बृद्धि गर्न सकिन्छ । वर्तमान प्रतिस्पर्धात्मक व्यावसायिक वातावरणमा सफलता पाउनका लागि प्रभावकारी तथा कुशल मानवसंसाधनको व्यवस्थापन गर्नु अति आवश्यक छ । संगठनले चाहेजस्तो संगठनात्मक लक्ष्य हासिल गर्न उचित मानवसंसाधन व्यवस्थापन गर्नुपर्दछ । मानवसंसाधन व्यवस्थापन अन्तर्गत मानवसंसाधनको प्रभावकारी उपयोग गर्ने सम्बन्धी सम्पूर्ण प्रक्रियाहरु पर्दछ । यी प्रक्रिया अन्तर्गत संसाधन प्राप्ति,विकास,सदुपयोग र सम्भार सम्बन्धी कार्यहरु पर्दछ। यीकार्यहरुलाईमानवसंसाधनप्रभावकारी योजना तयार गरी त्यसको अधिकतम सदुपयोग गर्नुपर्दछ । संगठनको लक्ष्यलाई सफलतापूर्वक प्राप्त गर्न सक्षम र योग्य कर्मचारीहरुको प्राप्ति गर्नुपर्दछ। सक्षम र योग्य कर्मचारी प्राप्त गर्न प्रभावकारी भर्ना, छनौट र सामाजिकीकरणका कार्यक्रमहरु संचालन गर्नुपर्दछ । सक्षम र योग्य मानवसंसाधन प्राप्तिपछि परिवर्तित वातावरणअनुसार आवश्यकतानुसार उनीहरुको योग्यता र सिप विकास गर्न प्रभावकारी तालिम विकास कार्यक्रम संञ्चालन गर्नुपर्दछ । यी सिपयुक्त तथा योग्य कर्मचारीहरुलाई संगठनको लक्ष्यप्राप्तिका लागि अधिकतम सदुपयोग गर्नुपर्छ । कर्मचारीहरु संगठनको अमूल्य सम्पत्ति भएकाले उनीहरुको उचित सम्भार पनि गर्नुपर्दछ । यसको लागि उनीहरुलाई अन्य संगठनमा नजाने वातावरण बनाई असल कार्यवातावरण,वृत्ति विकास,आकर्षक तलब,ज्याला र सुविधा, मानसम्मान आदिको व्यवस्था गरी मानवसंसाधनको उचित सम्भार गर्नुपर्दछ । यसरी सबै क्रियाकलापको उचित प्रबन्ध गर्नु नै वास्तवमा मानवसंसाधन व्यवस्थापन हो ।

भविष्यमा गर्नुपर्ने कार्यको पूर्वतयारी वा खाकालाई योजना भनिन्छ। योजनाले निर्धारित लक्ष्य प्राप्त गर्न कुन काम,कहिले,कसरी र कसले सम्पादन गर्ने भन्ने वारेमा जानकारी प्रदान गर्दछ। योजनाले वर्तमान र भविष्यलाई जोड्ने कार्य गर्दछ । भविष्यमा गरिने कार्यको लागि वर्तमानमा कार्यको खाका वा मार्गचित्र तयार गर्नु नै योजना हो। योजना विना गरिएको कार्यले चाहेको गन्तव्यमा पुग्न सकिदैन । योजना बनाउनु भनेको कुनै काम गर्नु अगाडि त्यस कामलाई सफलतापूर्वक सम्पन्न गरी प्रतिफल प्राप्त गर्न आवश्यक पर्ने स्रोत र साधनको व्यवस्था गर्नुलाई पनि बुझाउँछ। त्यसैले भविष्यमा प्राप्त गर्न चाहेको अपेक्षित प्रतिफल प्राप्त गर्न आवश्यक पूर्वतयारी गर्नु नै योजना हो।

मानवसंसाधन योजना भनेको संगठनको लक्ष्य प्राप्त गर्न संगठनमा कार्यरत कर्मचारीहरुको प्रबन्ध गर्ने योजना हो। यसले कर्मचारीहरुको परिचालन सम्बन्धी कार्यहरुको प्रारुपलाइ जनाउँछ। यस अन्तर्गत नैकर्मचारीहरुकोप्राप्ति,विकास,सदुपयोग र सम्भार सम्बन्धी कार्यहरुको पूर्व निर्धारण गर्ने कार्यहरु पर्दछ । मानवसंसाधन योजनामा संगठनमा हाल कति कर्मचारीहरु कार्यरत छन्,भविष्यमा कति कर्मचारीहरुको माग र आपूर्ति आवश्यक पर्दछ भन्ने लेखाजोखा गरी सही प्रकारको जनशक्ति सही संख्यामा प्राप्त गर्ने कार्यको सुनिश्चित गरिन्छ । यही योजनाको आधारमा नै मानव संसाधन विभागले संगठनलाई आवश्यक कर्मचारी प्राप्तिका लागि भर्ना तथा छनोटका प्रक्रियाहरु अगाडि बढाउँछ। यसले संगठनका सम्पूर्ण उपलव्ध संसाधनको अधिकतम सदुपयोग गर्न पनि सहयोग गर्दछ। मानवसंसाधन योजनाले संगठनमा प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक मानवसंसाधनको संख्या,योग्यता,गुण,अनुभव आदि निश्चित गर्दछ । संगठनलाई कहिले कस्तो प्रकारको मानवसंसाधन कति आवश्यक पर्दछ भन्ने कुराको सही पूर्वानुमान गर्ने कार्य नै मानवसंसाधन योजना हो ।नेपाल एक भूपरिवेष्ठित तथा अल्पविकसित देश भएकोले उद्योग व्यवसायको विकासमा धेरै पछाडि रहेको छ। नेपालमा ठूला उद्योगहरु ज्यादै कम संख्यामा रहेकाछन्।

नेपालमा संचालित उद्योगहरुमा स्वदेशी कच्चा पदार्थमा आधारित उद्योग (जस्तै कार्पेट,गार्मेन्ट,छाला आदि) पर्यटन उद्योग,बैक ,बीमा कम्पनी,शिक्षा,यातायात तथा निर्माण उद्योगहरु संचालित छन् । गरिबीको अवस्थामा गुज्रिरहेकोले देशमा प्रर्याप्त मात्रामा उद्योग व्यवसायको स्थापना र संचालन हुन नसकेको अवस्थामा देशभित्र प्रर्याप्त रोजगारीको अवसर प्राप्त नहुँदा दैनिक करिब १५०० श्रमशक्ति विदेशिन बाध्य भएकाछन् । विदेशिने मानवसंसाधन पनि सिपयुक्त र दक्ष नभएकाले विदेशी श्रमबजारमा पनि सम्मानजनक अवसर र सुविधा पाउन सकेका छैनन् । यसको साथै नेपालमा शैक्षिक संस्थाहरुले योजनाबद्ध तरिकाले रोजगारीमूलक शिक्षा दिन नसक्दा दक्ष जनशक्ति उत्षदन गर्न नसकेको देखिन्छ। नेपालका संगठनहरुमा मावनसंसाधन व्यवस्थापनको अवस्था सन्तोषजनक देखिदैन । नेपाली संगठनहरुमा प्रायः परम्परागत रुपमा मानवसंसाधनको व्यवस्थापन भएको पाइन्छ।

परम्परागत रुपमा मानवसंसाधनको व्यवस्थापन गर्ने कारणले योग्य र दक्ष व्यवस्थापकहरुको अभावले वर्तमान प्रतिस्पर्धात्मक अवस्थामा चुनौतीहरु रहेको पाइन्छ। धेरैजसो नेपालको संगठनहरुमा मानवसंसाधन व्यवस्थापन र विकास सम्बन्धी स्पष्ट नीतिनियमको अभाव छ जस्को कारणले मानवसंसाधन योजनामा पनि विविन्न कठिनाइहरु रहेकाछन् । स्पष्ट योजनाको अभावमा सरकारी तथा नीजि संगठनहरुमा आवश्यक पर्ने दक्ष जनशक्तिको पूर्वानुमान तथा आपूर्तिका आन्तरिक तथा बाह्य स्रोतलाइ बिश्लेषण गरी आवश्यक जनशक्तिको निर्धारण गर्ने तर्फ ध्यान दिएको पाइदैन । सरकारी क्षेत्रमा मानवसंसाधनको व्यवस्थापन गर्ने जिम्मेवारी पाएको लोकसेवा आयोग समेत योजना विहीन अवस्थामा रहेको देखिन्छ।धेरैजसोनेपालीसंगठनहरुले परम्परागत शैलीको व्यवस्थापन प्रणाली अपनाएको पाइन्छ। संगठनमा आवश्यक पर्ने जनशक्तिलाई अनौपचारिक रुपमा वा आफ्नाहरुलाइ भनसूनको आधारमा भर्ना र छनौट गर्ने गरेको पाइन्छ । यी संगठनहरुमा मानवसंसाधन विकास सम्बन्धी नीति तथा कार्यक्रमको अभावमा योग्य र दक्ष व्यवस्थापकको अभावमा संगठनको कार्यसम्पादनमा नै नकरात्मक असर पर्न जाने र मानवसंसाधन योजना निर्माण तथा कार्यान्वयनमा समेत कठिनाइहरु सिर्जना भएकोछ।

**नेपालमा मानवसंसाधन योजना सम्बन्धी समस्याहरु**

नेपालमा मानवसंसाधन योजना तर्जुमा गर्ने परिपाटी नै ज्यादै कम रहेको पाइन्छ । कुनै संगठनहरुमा मानवसंसाधन योजना भएतापनि योग्य र सक्षम व्यवस्थापकहरुको अभावमा संगठनको अमूल्य सम्पत्तिको रुपमा रहने मानवसंसाधनको योजनालाई हचुवा र परम्परागत तरिकाबाट योजना गरेको पाइन्छ । वर्तमान अवस्थामा नेपालका संगठनहरुमा मानवसंसाधन योजना सम्बन्धी प्रमुख समस्याहरु निम्न अनुसार रहेकाछन् :

- मानवसंसाधन योजनाको अभावः
  नेपाली संगठनहरुमा मानवसंसाधनको राम्रो व्यवस्थापन गर्न आधुनिक योजनाको आवश्यक भएतापनि कम दक्ष तथा सीमित ज्ञान भएका व्यवस्थापकहरुले परम्परागत रुपमा मानवसंसाधन योजना बनाउने हुँदा प्रभावकारी र आधुनिक मानवसंसाधन योजनाको अभाव देखिन्छ । कतिपय संगठनहरुमा मानवसंसाधन योजना नै बनाएको पाइदैन । योजना विना नै हचुवाको भरमा कर्मचारी व्यवस्था गरिएको पाइन्छ।
- सूचनाको अभावः
  कुनैपनि योजना तर्जुमा गर्न प्रर्याप्त र भरपर्दो सूचना तथा तथ्याङ्कको आवश्यक पर्दछ । तर नेपालमा प्रभावकारी सूचना प्रणालीको अभाव रहेको पाइन्छ । नेपाली संगठनहरुले गम्भीर रुपमा प्रर्याप्त सूचना अभिलेख राख्ने पनि गरेको पाइदैन भने यदी राखेको भएपनि सूचनालाई व्यवस्थित राखिएको हुँदैन । सही र प्रर्याप्त सूचनाको अभावमा मानवसंसाधन योजना ठिक तरिकाबाट तर्जुमा गर्न सकिदैन।
- सिपयुक्त जनशक्तिको अभावः
  नेपालमा उपयुक्त शिक्षाको अभावले गर्दा दक्ष जनशक्तिको अभाव छ । संगठनमा सामान्य तथा कम सिपयुक्त जनशक्ति कार्यरत हुन्छ । यसकारणले पनि संगठनमा ती सामान्य जनशक्तिबाट राम्रो र बलियो मानवसंसाधन योजना तर्जुमा हुन सक्दैन।
- अधिक कर्मचारीः
  सामान्य कर्मचारीहरुबाट तयार गरिएको मानवसंसाधन योजनाको कारणले नेपाली संगठनहरुमा आवश्यकता भन्दा बढि कर्मचारीहरु राखिएको पाइन्छ । यसले कर्मचारीहरु विच असन्तुष्टि तथा द्वन्द आदि समस्या बढेको पाइन्छ।
- कर्मचारी नियुक्तिमा कमजोरीः
  नेपाली संगठनहरुमा कर्मचारी नियुक्ति कार्य नै त्रुटिपूर्ण देखिन्छ । ठूला ठूला संगठनहरुमा राजनीतिक प्रभावबाट कर्मचारी नियुक्ति भएको पाइन्छ भने साना तथा नीजि संगठनहरुमा भनसूनको आधारमा नातेदार,परिचितहरुलाईनियुक्ति गर्ने गरेको पाइन्छ । यसरी नियुक्ति भएका कर्मचारीहरुमा सम्बन्धित ज्ञान र अनुभवको अभाव रहने हुँदा संगठनको कार्यसम्पादन र उत्पादकत्वमा समेत प्रतिकूल असर पर्न जाने गर्दछ।
- छोटो अवधिको योजनाः
  नेपाली संगठनहरुले दीर्घकालिन मानवसंसाधन योजनाको तर्जुमा गर्नुको सट्टामा छोटो अवधिको लागि मात्र मानवसंसाधन योजना बनाउने गर्दछ जसले गर्दा दीर्घकालमा मानवसंसाधन योजना सम्बन्धी समस्याहरु देखापर्दछ।
- न्यून प्राथमिकताः
  धेरैजसो नेपाली संगठनहरुले अन्य व्यवस्थापकिय कार्यहरुको तुलनामा मानवसंसाधन योजनालाई कम महत्व दिएकाृ पाइन्छ। संगठनले कसरी उत्पादकत्व ,गुणस्तर,परिणाम र आय बढाउने भन्ने कुरामा केन्द्रित रहेको पाइन्छ। तर यी कार्यहरु गर्ने मानवसंसाधन सम्बन्धी योजना बनाउने कुरामा भने कम ध्यान पुऱ्याएको देखिछ।
- मानवसंसाधनको पूर्वानूमानमा कमजोरीः
  नेपालमा अस्थिर आर्थिक र राजनीतिक अवस्थाको कारणले संगठनहरुले आफ्नो भावी कारोवारको परिणाम र आयको पूर्वानुमान गर्न गाह्रो छ । यसकारणले व्यवस्थापनले संगठनका लागि भविष्यमा के कति र कस्ता प्रकारका जनशक्ति आवश्यक पर्दछ भन्ने कुराको सही पूर्वानुमान गर्न कठिन हुनाले मानवसंसाधन योजनामा समस्या देखिन जाने हुन्छ।
- जनशक्तिको माग र आपूर्तिमा मिलान नहुनुः
  प्रायः नेपाली संगठनहरुले जनशक्तिको माग र आपूर्तिविच सही सन्तुलन कायम गर्न सकेको देखिदैन । यस्को कारणले अधिक कर्मचारी हुने ,सिपयुक्त कर्मचारीको अभाव हुने, कर्मचारी खर्चमा बृद्धि हुने आदि समस्या सिर्जना हुने गर्दछ।
- स्वेच्छिक अवकाश योजनाः
  नेपाली सरकारी र अर्धसरकारी कार्यालयहरुले असक्षम र बृद्ध कर्मचारीहरुलाई हटाउन सुनौलो अवसरको स्वेच्छिक अवकाश योजना ल्याएको भएतापनि यस योजनाले उद्येश्य अनुरुप काम गर्न सकेको देखिदैन । यो योजनाले उद्येश्य विपरित संगठनका सक्षम र सिपयुक्त कर्मचारीहरुले नै स्वेच्छिक अवकाश लिएर अन्य संगठनतिर जाने र असक्षम कर्मचारीहरु मात्र संगठनमा रहीरहने हुँदा संगठनमा प्रतिकुल असर पारेको देखिन्छ।

अन्त्यमा आजको प्रतिस्पर्धात्मक वातावरण तथा विश्वव्यापीकरणको समयमा संगठनहरुले आफ्नो संगठनलाई सफलतापूर्वक संचालन गरी लक्ष्य प्राप्त गर्न सक्षम र योग्य तथा आवश्यक सख्यामा जनशक्तिको व्यवस्था गर्न उचित मानवसंसाधन योजना बनाउनु अत्यन्त आवश्यक भएकोछ। संगठनहरुले प्रतिस्पर्धाबाट सफलता पाउन अब परम्परागत रुपमा मात्र कर्मचारी भर्ना गर्ने कार्यमा सीमित नभई राम्रो योजना अनुरुपको कर्मचारी व्यवस्थापन गरिनु आवश्यक देखिन्छ।

# गल्याङले नगरपालिकाले विद्यार्थीलाई निःशुल्क पढाउँदै

पोखरापत्र संवाददाता
वालिङ, २६ माघ

स्याङ्जाको गल्याङ नगरपालिकाले दुई सय २१ विद्यार्थीलाई निःशुल्क अध्ययन गराउँदै छ।

नगरपालिकाभित्रका क्याम्पस तथा कक्षा ११ र १२ मा अध्ययनरत अतिगरिबब, विपन्न तथा जेहेन्दार विद्यार्थीलाई पूर्ण छात्रवृत्ति प्रदान गरी निःशुल्क अध्ययन गराउन थालेको हो। नगरभित्रका क्याम्पसमा अध्ययनरत लक्षित समूहका विद्यार्थीमध्ये १० प्रतिशत तथा कक्षा ११ र १२ मा अध्ययनरतमध्ये २० प्रतिशत विद्यार्थीलाई पूर्ण छात्रवृत्ति प्रदान गरेको नगरपालिकाका शिक्षा शाखा प्रमुख केदारराज आचार्यले बताउनुभयो । नगरपालिकाले क्याम्पसमा अध्ययन गर्ने अतिविपन्न, गरिब तथा जेहेन्दार विद्यार्थीलाई मासिक शुल्कवापत जनही रु १० हजार आठ सय प्रदान गरेको हो।

कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीलाई मासिक रु तीन सयका दरले वर्षभरिको रु तीन हजार छ सय उपलब्ध गराइएको उहाँले जानकारी दिनुभयो। "क्याम्पस तथा विद्यालयले अतिविपन्न, गरिब तथा जेहेन्दार विद्यार्थीको आवेदन खुलाउने र त्यसैका आधारमा विद्यार्थीले आवेदन भरेका हुन्", उहाँले भन्नुभयो, "प्राप्त आवेदनमाथि विद्यालयले छानविन गरी वास्तविक विद्यार्थी छनोट गरी नगरपालिकामा सिफारिस गरेको आधारमा यहाँबाट पूर्ण छात्रवृत्ति उपलब्ध गराएका हौं।" पूर्ण छात्रवृत्ति प्राप्त गरेको विद्यार्थी उत्तीर्ण भएमामात्रै अघिल्लो कक्षा अध्ययनका लागि पुनः छात्रवृत्ति प्राप्त गर्नेछन् । अनुत्तीर्ण भएकाले भने उक्त सुविधा अघिल्लो कक्षामा नपाउने उहाँले बताउनुभयो । आर्थिक अभावकै कारण कोही पनि शिक्षा प्राप्त गर्नबाट बञ्चित हुन नपरोस् भन्ने उद्देश्यसहित नगरपालिकाले यो अभियान थालेको नगरप्रमुख गुरुप्रसाद भट्टराईले बताउनुभयो । नगरपालिकाले दुई सय २१ विद्यार्थीलाई रु १२ लाख ६९ हजार छात्रवृत्तिस्वरुप प्रदान गरेको छ।

# कर्जा ब्याजदर एक अङ्कमा कायम गर्न माग

रासस
काठमाडौं, २६ माघ

नेपाल राष्ट्रिय व्यवसायी महासङ्घले कर्जा ब्याजदर एक अङ्कमा कायम गर्न माग गरेको छ।

महासङ्घका अध्यक्ष कुमार कार्की नेतृत्वको टोलीले बिहीबार नेपाल राष्ट्र बैंकका गर्भनर महाप्रसाद अधिकारीलाई भेटेर बैंक तथा वित्तीय क्षेत्रमा उच्च ब्याजदरका कारण व्यवसायी व्यवसायबाट नै पलायन हुनुपर्ने अवस्था आएको भन्दै कर्जा ब्याजदर एक अङ्क कायम गर्न माग गरेको हो । महासङ्घले सबै बैंक तथा वित्तीय संस्थाको ब्याजदर समान हुनुपर्ने, सहुलियत विना धितो कर्जालाई रु १५ लाखबाट बढाएर कम्तीमा रु २५ लाख र बैंक तथा वित्तीय संस्थाको लगानी ५० प्रतिशत उत्पादनमूलक क्षेत्रमा गर्नुपर्ने बाध्यकारी नीति बनाउनुपर्ने बताएको छ।

गर्भनर अधिकारीले उद्योग तथा व्यवसायलाई अगाडि बढाउनका लागि राष्ट्र बैंक सकारात्मक रहेको धारणा सो अवसरमा व्यक्त गर्नुभएको जनाइएको छ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बड्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : मन चञ्चल |
| कर्कट | : शारीरिक झमेला | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस्।

# बजेट अभावले तातोपानी चिकित्सालय सञ्चालनमा बाधा

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २६ माघ**

बजेट अभावले म्याग्दीको बेनी नगरपालिका-४ सिङ्गा तातोपानीमा प्राकृतिक चिकित्सालय सञ्चालनमा बाधा पुगेको छ । चिकित्सकको निगरानीमा औषधि प्रयोगबिना बिरामीको उपचार गर्ने गरी सञ्चालनमा ल्याएको उक्त चिकित्सालय बजेट अभावले समस्यामा छ ।

गत वर्ष असोजदेखि बिरामी भर्ना गरेर सेवा दिने तयारी भए पनि आन्तरिक र जनशक्ति व्यवस्थापन गर्न बजेट अभाव भएपछि चिकित्सालय सञ्चालनमा समस्या भएको तातोपानी कुण्ड व्यवस्थापन समितिका अध्यक्ष वीरेन्द्रमान शाक्यले बताउनुभयो । पर्यटन मन्त्रालयको रु ५० लाख तथा तातोपानी कुण्ड व्यवस्थापन समितिको रु एक करोडमा पाँचतले भवन निर्माण गरिएको छ । "भवन निर्माण गर्दा लागेको रु ६९ लाख ऋण तिर्न बाँकी छ", उहाँले भन्नुभयो-"विभिन्न चरणमा उपभोक्ता समितिमार्फत भवन निर्माण गरिएको हो ।" कोरोना महामारीका कारण तातोपानी कुण्ड सञ्चालन नहुँदा आम्दानीको स्रोत गुमेपछि बेनीस्थित एक सहकारीबाट रु ६९ लाख ऋण लिएर उपभोक्ता समितिलाई भुक्तानी गरिएको शाक्यले बताउनुभयो । प्रदेश सरकारले विनियोजन गरेको रु ५० लाख बजेटबाट नगरपालिकामार्फत चिकित्सालयका लागि आवश्यक उपकरण र सामग्री खरिद गरिएको छ। योगा, फिजियोथेरापी, हाइड्रोथेरापी, अक्कुपञ्चर र परामर्शकक्ष निर्माण गरिएको छ । चिकित्सालय सञ्चालन नहुँदा खरिद गरिएका उपकरण थन्किएका छन् । "चिकित्सालय सञ्चालनका लागि प्रशासन र नगरपालिकालाई गुहारेका छौँ", उहाँले भन्नुभयो- "बजेटका लागि स्थानीय, प्रदेश र सङ्घीय सरकारसँग माग गरेका छौँ ।" म्याग्दी नदीको किनारमा जमिनभित्रबाट निस्कने तातोपानी सङ्कलन गरि तलाउमा परम्परागत शैलीमा शरीर डुबाएर गरिँदै आएको प्राकृतिक उपचारलाई व्यवस्थित र प्रभावकारी बनाउन चिकित्सालय बनाइएको हो । चिकित्सालयमा जलचिकित्सा, मसाजथेरापी), योगाथेरापी, पोषणथेरापी, अकुपञ्चरर परामर्शको माध्यमबाट औषधिको प्रयोगबिना विभिन्न नसर्ने रोगबाट थलिएका बिरामीको उपचार गरिन्छ ।

तातोपानीमा उपचार गराएमा ग्यास्ट्रिक, बाथरोग, ढाड दुख्ने, छाला, सुन्निएको, बज्रिएको, मर्किएको, पेट दुख्ने, खाना रुचि नहुनेलगायत स्वास्थ्य समस्या निको हुने बिरामी बताउँछन् ।

# वायु प्रदूषणको जोखिममा पोखरा

**-धनबहादुर गुरुङ**
**पोखरा, २६ माघ (रासस)**

स्वच्छ र सफा भएकै कारण पोखरा धेरै पर्यटकको रोजाइमा पर्ने गरेको छ । यहाँको स्वच्छ हावापानीको मज्जा लिँदै प्राकृतिक सौन्दर्यतामा रमाउन बर्सेनि हजारौँ पर्यटक पोखरा आउने गर्छन् । पछिल्लो समय पर्यटकीय नगरी पोखरा वायु प्रदूषणको चपेटामा पर्दै गएको छ। एक तथ्याङ्कअनुसार पोखराको वायु प्रदूषण दिनानुदिन बढ्दै गएको छ। स्वच्छ ऊर्जा नेपालले गरेको सर्वेक्षणको तथ्याङ्कअनुसार पोखरामा यसको दर बढिरहेको छ।

सो संस्थाले पोखरामा वायु प्रदूषण मापन यन्त्र राखेर अध्ययन थालेको छ । संस्थाले पोखरामा राखेको मापन केन्द्रले बुधबार ८:३० बजेको समयमा हावामा प्रदूषणको सूचक तीन सय ५१ देखाएको स्वच्छ ऊर्जा नेपालका कार्यक्रम संयोजक वर्षा पराजुलीले जानकारी दिनुभयो। पोखरामा दैनिक, मासिक, त्रैमासिक तथ्याङ्कमा वायु प्रदूषण मात्रा बढ्दै गएको उहाँको भनाइ थियो। "हामीले सन् २०२२ देखि नै यो डिभाइस राखेर तथ्याङ्क लिने काम गरेका छौँ", पराजुलीले भन्नुभयो, "पहिला महेन्द्रपुलमा राखेका थियौँ, त्यहाँ सवारी आवागमन धेरै हुने भएकाले धेरै नै देखाउने भयो, अहिले नयाँबजार क्षेत्रमा राखेका छौँ, यहाँ पनि दिनानुदिन प्रदूषण इन्डेक्स बढ्दै गएको छ ।" सो यन्त्रको सूचकअनुसार शून्य देखि ५० सम्मलाई राम्रो, ५० देखि एक सयसम्मलाई नराम्रो, एक सयदेखि दुई सयसम्म अस्वस्थकर, दुई सयदेखि तीन सयसम्म अति अस्वस्थकर र तीन सयदेखि माथि खतरनाक मानिने उहाँले जानकारी दिनुभयो।

पोखरामा बिहान ८ देखि दिँउसो १२ बजेसम्म प्रदूषणको मात्रा बढी हुने गरेको स्वच्छ ऊर्जा नेपालका प्राविधिक सल्लाहकार डा भूपेन्द्र दासले बताउनुभयो। यन्त्रबाट मापन गर्दा बढ्दोक्रममा भेटिएकाले पोखराले वायु प्रदूषण कम गर्ने विषयमा सोच्ने बेला भएको उहाँले बताउनुभयो। "नोभेम्बर-डिसेम्बरमा अलि बढी नै वायु प्रदूषण हुन्छ", उहाँले भन्नुभयो, "तर अन्य समयमा समेत बढ्दो स्थितिमा छ।"

जाडोयाममा पानी नपरेका कारण पनि वायु प्रदूषण बढेको प्राविधिक सल्लाहकार डा दासले बताउनुभयो । "वायु प्रदूषण कम हुनका लागि वर्षाको ठूलो भूमिका हुन्छ, यसपटक पोखरामा पानी परेन, यसले गर्दा पनि प्रदूषण झनै बढेको छ", उहाँले भन्नुभयो, "अर्को कारण काठमाडौँमा जस्तै विकासका काम भइरहेका छन्, यसले पनि प्रदूषणमा बढिरहेको छ ।" डिजल पेट्रोलबाट चल्ने सवारीसाधन, निर्माण क्षेत्रबाट आउने प्रदूषण पनि वायू प्रदूषणको कारक हो। उद्योग, निर्माणस्थल, फोहर तथा कृषिउपज जलाउनु साथै वरिपरिका डाँडाका वनजङ्गलमा डढेलो लाग्नाले पनि पोखराको वायु प्रदूषण वृद्धि भएको डा दासले बताउनुभयो । यसले गर्दा पोखरावासीसँगै यहाँको पर्यटन क्षेत्रलाई असर गर्ने डा दासले बताउनुभयो । "वायु प्रदूषण बढ्नु भनेको स्वास्थ्यमा जोखिम बढ्नु हो", उहाँले भन्नुभयो, "पर्यटक नेपाल आउनुअघि वायु प्रदूषणको मापन चेक गर्छन्, त्यो बेला प्रदूषण बढेको भेटिएमा स्वास्थ्य जोखिममा राखेर को चाहिँ पर्यटक आउलान् र ?" प्रदूषण बढ्नेबित्तिकै मानव स्वास्थ्यमा नकारात्मक असर पर्ने डा दासले बताउनुभयो । उहाँका अनुसार तत्काल रुघाखोकी, आँखा चिलाउने, टन्सिल, एलर्जीलगायत समस्या देखा पर्छन् । दीर्घकालमा मुटुसम्बन्धी रोग देखा पर्ने, हृदयघात, फोक्सो, स्वासप्रस्वासमा समस्या देखिन्छ । पोखराको बढ्दो वायु प्रदूषण रोक्न सरोकारवाला सजग हुनुपर्ने डा दासले सुझाव दिनुभयो। डिजल पेट्रोलबाट चल्ने सवारीसाधन समयसमयमा जाँच गर्ने, विद्युतीय सवारीसाधनको प्रयोगमा जोड, कृषि अवशेष र फोहरमैला जलाउन नहुनेलगायत काम गर्नुपर्ने उहाँको सुझाव थियो।

सरकारी नीतिनियमको नागरिकले पालना गर्नुपर्ने उहाँको जोड छ। पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले सुन्दर र स्वच्छ पोखराको विशेषतालाई जोगाउन महानगरले नीतिगत पहल थालेको बताउनुभयो । पोखराको वायु प्रदूषण बढेको प्रति गम्भीर रहेको जनाउँदै उहाँले स्वच्छ वातावरणका लागि नीतिगतरूपमै कार्यक्रम तय गरिएको जानकारी दिनुभयो।

महानगरले धेरै पहिले नै ४० माइक्रोनभन्दा तलका प्लास्टिक प्रयोग नगर्ने भन्ने निर्णय गरेको भए पनि कार्यान्वयनमा समस्या देखिएको जनाउँदै उहाँले अब त्यसतर्फ पनि चासो दिएको बताउनुभयो । २० वर्षभन्दा पुराना सवारीसाधनको व्यवस्थापन साथै इलेक्ट्रोनिक सवारीसाधनका लागि यातायात व्यवसायीसँग छलफल भइरहेको उहाँले जानकारी दिनुभयो । सहरी विकास तथा भवन निर्माण विभागअन्तर्गत सहरी विकास र वातावरण सन्तुलन कायम गरी नागरिकको जीवनयापनमा सुधार ल्याउने कार्यक्रम रहेको र कोइकाको 'रिसाइकिल्ड' र 'अफसाइकिल्ड' करिब रु सात अर्बको वातावरणमैत्री योजना सञ्चालन हुन लागेको तथा करिब चार हजारलाई रोजगारी दिइने पनि प्रमुख आचार्यले जानकारी दिनुभयो । प्रमुख आचार्यले चार ठाउँमा अटोपार्क बनाएर सेन्ट्रलाइज्ड गर्ने, वर्कसपलाई बस्तीभन्दा पाँच सय मिटर टाढा राख्ने र औद्योगिक क्षेत्रका लागि एक हजार छ सय रोपनी जग्गा नेपाल सरकारका नाममा ल्याएर वडा नं ३३ मा औद्योगिक क्षेत्र स्थापना गर्ने तयारी गरिएको जानकारी दिनुभयो।

## खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

**(नेपाल सरकारको पूर्ण स्वामित्वमा कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित)**

**गण्डकी प्रादेशिक कार्यालय पोखरा**

### अस्थायी सटर भाडामा लगाउने सम्बन्धी ७ दिने पुन : सूचना

**दोश्रो पटक प्रकाशित मिति : २०७९/१०/२७**

कास्की जिल्ला पो.म.न.पा. ९, पृथ्वीचोक स्थित साबिक नेशनल ट्रेडिङ्ग लिमिटेडको यातायात कार्यालय जाने बाटो तर्फको १९ अस्थायी सटरहरु ५ वर्षको लागि भाडामा दिनका लागि सूचना गर्ने भनी प्रधान कार्यालयको सम्पत्ति व्यवस्थापन तथा पूर्वाधार विकास विभागको मिति २०७९/१०/२६ गतेको दोश्रो पटकको निर्देशन अनुसार न्यूनतम मासिक भाडादर रु. ३,०९,५००।- (अक्षरुपी रु तिन लाख नौ हजार पाँच सय मात्र) भन्दा कम नहुने गरी प्रचलित कानुनले बन्देज नगरिएको व्यापार व्यवसाय संचालन गर्नको लागि भाडामा लिन चाहने ईच्छुक नेपाली नागरिक, संघ संस्था, फर्म वा व्यक्तिहरुले गोप्य शिलबन्दी दरभाउ (कोटेशन) पेश गर्न हुन यो ७ दिने सूचना प्रकाशन गरिएको छ । यस सम्बन्धमा अन्य कुनै जानकारी लिन कार्यालय समयभित्र सम्पर्क गर्न सकिने व्यहोरा समेत सूचित गरिन्छ ।

**खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड**
**गण्डकी प्रादेशिक कार्यालय, पोखरा**
**फोन नं. : ०६१-४५५२५९**
**मो.नं. : ९८५६०८६७६७**
Email : nfcpokhara@gmail.com

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



**जन्म:**
**वि. स. २०२३/०६/१७ गते**

**स्वर्गारोहण:**
**वि.स. २०७९/१०/११ गते**

**स्व: राम कुमारी गुरुङ**

यस बाझाँपाटन (क) टोल विकास संस्थाका सदस्य **राम कुमारी गुरुङ**को ५६ वर्षको उमेरमा असामयीक निधन भएकोमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौँ।

**अध्यक्ष एवं**
**बाँझापाटन (क) टोल बिकास संस्था**
**परिवार पोखरा-१३, बाँझापाटन, कास्की**

# चलचित्रमार्फत बालविवाह नियन्त्रण अभियान

**पोखरापत्र संवाददाता**
**बागलुङ, २६ माघ**

लघु चलचित्रमार्फत बागलुङका विभिन्न स्थानीय तहमा बालविवाह विरुद्धको सचेतना अभियान सुरु गरिएको छ ।

'जुनतारा' मिडिया प्राली बागलुङले बालविवाह र महिला हिंसाका विरुद्ध निर्माण भएको चलचित्र 'जुना' स्थानीय तहको समन्वयमा विद्यालयमा पुगेर प्रदर्शन गरी सचेतना फैलाउन थालेको हो । जिल्लाको बढी बालविवाह हुने क्षेत्रलाई लक्षित गरी समुदायका व्यक्ति तथा विद्यालयको माथिल्लो कक्षामा अध्ययतरत विद्यार्थी सहभागी बनाएर चलचित्र प्रदर्शन तथा सामुदायिक अन्तर्क्रिया गर्न थालेको प्रालीका सञ्चालक सज्जनकुमार सिंहले जानकारी दिनुभयो । जिल्लाको तमानखोला गाउँपालिका, बागलुङ नगरपालिका-९, ११, १३ र ३, पर्वतको सामाजिक विकास कार्यालय तथा त्यहाँका छ वटा निजी तथा सामुदायिक विद्यालय र बागलुङका १० सामुदायिक विद्यालयमा चलचित्र प्रदर्शन गरिएको छ । कुनै ठाउँमा स्थानीय तह तथा वडा कार्यालयले चलचित्र प्रदर्शनको खर्च व्यवस्थापन गरेका छन् ।

## एउटै व्यक्ति भएको सूचना



सर्वसाधारणलाई यो सूचित गरिन्छ कि भारतीय सेना भू.पू. नं. JC 67329W Sub.H/Lt. धनबीर गुरुङको श्रीमतीको नेपाली नागरिकतामा धनसुबा गुरुङ र भारतीय सेनाको रेकर्डमा धन सुया (Dhan Suya) भएकोले यी दुई नाम थर भएको व्यक्ति एउटै हो भनी जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्वन्धी सूचना

**कम्पनीको मिति २०७९/१/१८ मा सम्पन्न विशेष साधारण सभा तथा मिति २०७९/१/२७ गतेको कम्पनी रजिष्ट्रार कार्यालयको निर्णय अनुसार यस फेवा फर्टिलिटी टेष्टट्यूव वेवि सेण्टर** (Fewa Fertility Testtube Baby Centre) **प्रा.लि. नं. २८९३८४/०७८/०७९ को नाम परिवर्तन गरी फेवा फर्टिलिटि सेण्टर** (Fewa Fertility Centre) **हुने निर्णय भएको हुँदा यस साविक कम्पनीको नाममा रहेको चल, अचल सम्पत्तिहरु तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्वहरु परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।**

**फेवा फर्टिलिटि सेण्टर प्रा. लि., पोखरा-८**

## मादी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**थुमाकोडाँडा, कास्की, गण्डकी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति :-२०७९/१०/२७**

यस कार्यालयको मिति २०७९/०९/१७ गतेको "**समाधान राष्ट्रिय दैनिक**" पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न कार्यको लागि E-Bidding मार्फत आह्वान भई तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये बाट तपशिल बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

| ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (Excluding V.A.T. and P.S) | कैफियत |
|---|---|---|---|---|
| 11/MRM/NCB/ WORK/2079/080 | Basic Health Center Building Construction Work at Madi R.M -2 | Dhungana Construction, Simalchaur-8, Pokhara, Kaski, Nepal | NRs.41,07,819.8/- | |
| 12/MRM/NCB/ WORK/2079/080 | Basic Health Center Building Construction Work at Madi R.M -10 | Dhungana Construction, Simalchaur-8, Pokhara, Kaski, Nepal | NRs.38,92,273.9/- | |

प्रमुख प्रशासकिय अधिकृत